**क्व्होलासोथार गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** क्व्होलासोथार गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम क्व्होलासोथार गाउँ सभा सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि क्व्होलासोथार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। एकिकृत सम्पत्ति करको सवै प्रकृया पूरा नहुँदा सम्म साविककै मालपोत कर र घरधुरी कर लिइनेछ । एकिकृत सम्पत्ति कर सम्वन्धि अन्तिम निर्णय कार्यपालिका वैठकले गर्नेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सिफारिस दस्तुरः** गाउँपालिकाले गर्ने विविध सिफारिसमा अनुसुचि (१०) वमोजिम शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२. **पर्यटन शुल्कः** गाउँपालिका भित्र कार्यरत पर्यटन व्यवस्थापन समितिलाइ अनुसुचि (११) वमोजिम शुल्क लगाइने र असूल उपर गरिने छ ।

१३. **ढुङ्गा गिटी वालुवा करः** गाउँपालिका भित्र रहेका घाट तथा वगरहरु वाट दोहन गरिने ढुङ्गा गिटी वालुवा को कर प्रदेश कानुन नवन्दा सम्म प्रारम्भिक वातावरणीय अध्ययन गरी कार्यविधि वनाइ लगाइने र असुल उपर गरिने छ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर सवारी कर पार्किङ शुल्क र पटके करको हकमा सरकारी गाडीलाई छुट दिइने छ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१६। कर तथा अन्य शुल्क सम्वन्धी संशोधन गाउँसभा वैठकले गर्न सक्नेछ ।

## प्रस्ताव गरिएका करका दर तथा दायराहरु

### अनुसूची १
### सम्पति कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि. पक्की घर | १००० | |
| २ | ढूंगा/टिनको छाना भएको घर | ३०० | |
| ३ | सामान्य घर | १०० | |

### अनुसूची २ मालपोत कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | ३ रोपनी सम्मको जग्गाको स्वामित्व | ५० | |
| २ | ३ देखि ५ रोपनी सम्मको जग्गाको स्वामित्व | १०० | |
| ३ | ५ रोपनी भन्दा बढी जग्गाको स्वामित्व | ५ रोपनी सम्म १०० सो भन्दा माथि प्रति रोपनी रु १० | |

### अनुसूची ३
### घर जग्गा बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाइनेछ ।

### अनुसूची ४
### व्यवसाय कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | १ देखि २ लाख सम्म लगानी भएका किराना पसल | ६००।०० | १००० दर्ता शुल्क |
| २ | २ भन्दा माथी ५ लाख सम्म लगानी भएका किराना पसल | १०००।०० | १००० दर्ता शुल्क |
| ३ | ५ लाख भन्दा माथी लगानी भएका किराना पसल | २५००।०० | १००० दर्ता शुल्क |
| ४ | पशुपालन फाराम/भेडीगोठ/ कृषि फारम | २०००।०० | १००० दर्ता शुल्क |
| ५ | अलैचीं सामूदायिक | ५०००।०० | १००० दर्ता शुल्क |
| ६ | घुम्ती व्यापारी | २०० | प्रति पटक गा.पा भित्र १ महिनाका लागि |

| | | | |
|---|---|---|---|
| ७ | अलैचीं व्यक्तिगत | १०००।०० | १००० दर्ता शुल्क |
| ८ | अलैचीं खरिद विक्री | प्रति के.जि. ५ व्यापारी र प्रति के.जि. ५ किसान/समुदाय | |
| ९ | व्यवसाय रिर्सोट | २००००।०० | १००० दर्ता शुल्क |
| १० | फर्निचर | ५०००।०० | १००० दर्ता शुल्क |
| ११ | राइस मिल।कूटानी मिल | १५००।०० | १००० दर्ता शुल्क |
| १२ | सहकारी | खुद नाफाको ३ प्रतिशत | |
| १३ | सामुदायिक होम स्टे संस्था दर्ता | १०,१०० ।०० | |
| १४ | होमस्टे | ५००।०० | प्रति घर नवीकरण |

(नोटः होम स्टे संचालन समिति/ पर्यटन समितिले संस्था नवीकरण गर्दा आफ्नो संस्थामा आवद्ध प्रत्येक घर धुरीको नविकरण दस्तुर समेत अनिवार्य एकमुस्ठ दाखिला गर्नुपर्ने छ ।)

| **होटल, रेष्टुरेण्ट तथा लज** | |
|---|---|
| क श्रेणीलाई | रु. ५०००/- |
| ख श्रेणीलाई | रु. ३०००/- |
| ग श्रेणीलाई | रु. २०००/- |
| घ श्रेणीलाई | रु. १२००/- |
| ङ श्रेणीलाई | रु. १०००/- |
| वर्गीकरण | |
| क- उच्चकोटीको खाना र बस्ने प्रबन्ध तथा अन्य सुविधा भएकोलाई | |
| ख- लज र रेष्टुण्ट दुबै भएको र उच्चकोटीको रेष्टुरेण्टलाई | |
| ग- लज र खाना खुवाउनेलाई | |
| घ- खाना खुवाउने व्यवस्था भएको होटेललाई | |
| ङ- सामान्य रेष्टुरेण्ट मात्र भएकोलाई | |
| | |
| चिया, कफि तथा सामान्य नास्ता पसल | रु. १०००/- |
| पुल हाउस तथा स्नुकर हाउस | रु. २०००/- |
| **मासु तथा माछा पसल** | |
| खसी | रु. १०००/- |

| | |
|---|---|
| राँगा | रु. १०००/- |
| कुखुरा | रु. १०००/- |
| खसी(बाखा समेत), रागाँ, कुखुरा तिन मध्ये कुनै दुइ प्रकारका मासु पाइने | १२००/- |
| खसी(बाखा समेत), रागाँ, कुखुरा उल्लेखित सबै प्रकारका मासु पाइने | १५००/- |
| **फलफूल तथा तरकारी पसल** | |
| तरकारी तथा फलफूलको थोक विक्रेतालाई | रु. १०००/- |
| तरकारी तथा फलफूलको खुद्रा विक्रेतालाई | रु. ५००/- |
| **स्वास्थ्य क्षेत्र तर्फ** | |
| **औषधी पसल** | |
| औषधी विक्रेतालाई (क्लीनिक सहित) | रु. ३०००/- |
| औषधी विक्रेतालाई | रु. २०००/- |
| **निर्माण व्यावसायी** | |
| निर्माण व्यावसायीको वर्ग | नविकरण शुल्क |
| घ वर्गलाई | रु. ३०००/- |
| **वित्तीय सेवा तर्फ** | |
| क वर्गका वाणिज्य बैंकलाई | रु. ५०००/- |
| ख वर्गका विकास बैंकलाई | रु. ४०००/- |
| ग वर्गका वित्तीय संस्थालाई | रु. ३०००/- |
| बीमा कम्पनी | रु. ३०००/- |
| सहकारी संस्थाहरु | रु. ३०००/- |
| **मादक पदार्थ तथा अन्य पेय पदार्थको खुद्रा विक्री वितरण** | |
| क श्रेणीलाई | रु. ३०००/- |
| ख श्रेणीलाई | रु. २०००/- |
| बर्गीकरण | |
| श्रेणी : रक्सी, वियर, कोल्ड ड्रिङ्कस्, मिनरल वाटरको खुद्रा विक्रेता | |
| श्रेणी : कोल्ड ड्रिङ्कस्, मिनरल वाटरको खुद्रा विक्रेता | |

| गैर सरकारी संस्था | |
|---|---|
| अन्तराष्ट्रिय | रु. १५०००/- |
| राष्ट्रिय | रु. १००००/- |
| स्थानीय गैर सरकारी संस्था | |
| १० लाख माथीको कार्यक्रम भएका | रु. ५०००/- |
| १० लाख मुनीको कार्यक्रम भएका | रु. ३०००/- |
| १ लाख सम्मको कार्यक्रम भएका | रु. ५००/- |
| धार्मिक सामाजिक उद्देश्यले स्थापना भएका तर कारोबार नभएका | छुट |
| **कन्सल्टेन्सी सेवा** | |
| कन्सल्टेन्सी, इन्जिनियरिङ्ग तथा प्राविधिक सेवा | रु. १००००/- |
| **फर्निचर उद्योग** | |
| स्टिल, काठ दुवै फर्निचर विक्रि वितरण गर्ने | रु. ३५००/- |
| स्टिल फर्निचर खुद्रा विक्रि गर्ने | रु. २०००/- |
| काठको फर्निचर खुद्रा विक्रि गर्ने | रु. १५००/- |
| **जडीबुटी** | |
| जडीबुटी प्रसोधन व्यवसाय | रु. ३०००/- |
| जडीबुटी विक्री वितरण | रु. २०००/- |

## अनुसूची ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

जडीबुटी निकासी कर प्रति के जी रु. ५/-

कवाडी निकासी कर प्रति के जी रु. ०.५०

जीवजन्तु निकासी कर चार खुट्टे प्रति गोटा रु. १००/-

## अनुसूची ६

## सवारी साधन कर (स्थनीय पूर्वाधार उपयोग कर)

| क.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | यात्रु वाहक जिप, निजी कार भ्यान | १००।०० | प्रति ट्रिप |
| २ | मालवाहाक, ट्रक, ट्र्याक्टर | २००।०० | प्रति ट्रिप |
| ३ | वस | १५०।०० | प्रति ट्रिप |

## अनुसूची ७
## विज्ञापन कर

| | |
|---|---|
| होर्डिङ्ग बोर्ड प्रति स्क्वाएर फिट | रु.२-/ |
| ठूलो साइन बोर्ड विद्युतिय — प्रति स्क्वाएर फिट | रु. ५-/ |
| स्क्रिन बोर्ड प्रति स्क्वाएर फिट | रु. ३-/ |
| फिल्मी ब्यानर पोष्ट | रु. ५-/ |
| व्यवसायिक व्यानर प्रति स्क्वाएर फिट | रु. ५-/ |
| भित्ते लेखन प्रति स्क्वाएर फिट | रु. ५-/ |
| मार्केटिङ्ग दैनीक | रु. १-/ |
| मादक पदार्थ, चुरोट आदीको प्रचारमा दैनिक | रु. २-/ |
| फ्लेक्स बोर्ड प्रति स्क्वाएर फिट | रु. २-/ |

## अनुसूची ८
## मनोरन्जन कर

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय सांस्कृतिक महोत्सव | ५०००।०० | |
| २ | घाटु महोत्सव भुजुङ | ५०००।०० | |

## `अनुसूची ९
## वहाल विटौरी शुल्क

गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले निर्माण गरेका भवन वा सार्वजनिक जग्गामा घर वा सटर बनाइ आवास प्रयोजन तथा व्यवसाय प्रयोजनको लागि प्रयोग गरेमा तपसिल बमोजिम बार्षिक शुल्क लाग्नेछ ।

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | आवास प्रयोजन | १०००।०० | १ रोपनी उपभोग |
| २ | आवास प्रयोजन | ३५००।०० | १ रोपनी भन्दा बढी |
| ३ | व्यवसाय प्रयोजन | ५०००।०० | प्रति घर बार्षिक |

## अनुसूची १०
## पार्किङ् शुल्क

गाउँपालिका क्षेत्रमा गाउँपालिकाले पार्किङ् स्थल तथा बस/जीप पार्क निर्माण/ व्यवस्थापन गरी सवारी साधन पार्किङ्ग शुल्क लगाउनेछ ।

## अनुसूची ११
## ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पीङ्ग, जीपफ्लयार र र्याफ्टीङ् शुल्क

गाउँपालिका क्षेत्रमा गाउँपालिकाले ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पीङ्ग, जीपफ्लयार र र्याफ्टीङ् निर्माण/ व्यवस्थापन गरी  शुल्क लगाउनेछ ।

## अनुसुचि १२

## सिफारिस दस्तुर

| क्र.सं. | सिफारिसका प्रकार | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ०।०० | |
| २ | नागरिकताको प्रतिलिपी सिफारिस | ६००।०० | |
| ३ | नाता प्रमाणित नेपाली | ५००।०० | |
| ४ | नाता प्रमाणित अङ्ग्रेजी | १०००।०० | |
| ५ | सिफारिस अन्य अङ्ग्रेजी | १०००।०० | |
| ६ | पारिवारिक विवरण ब्रिटिस सेना | १५०००।०० | |
| ७ | पारिवारिक विवरण भारतिय सेना | १०००।०० | |
| ८ | पारिवारिक विवरण नेपाली कर्मचारी | ५००।०० | |
| ९ | जन्म दर्ता | घटना दर्ता ऐन २०३३ तथा सम्बन्धित कानुन बमोजिम | |
| १० | विवाह दर्ता | | |
| ११ | मृत्यु दर्ता | | |
| १२ | वसाइ सराइ | | |
| १३ | सम्वन्ध विच्छेद | | |
| १४ | व्यक्तिगत घटना प्रमाणपत्र प्रतिलिपी | | |
| १५ | जग्गा नामसारी सिफारिस | १०००।०० | |
| १६ | सम्पति मूल्याङ्कन | विगोको ०.०५ प्रतिशत | |
| १७ | चारित्रिक प्रमाणपत्र सिफारिस | ५००।०० | |
| १८ | अपाङ्ग।प्रकोप पीडित।विरामी सिफारिस | नि शुल्क | |
| १९ | व्यवसाय दर्ता सिफारिस | ५००।०० | |
| २० | अविवाहित सिफारिस | ५००।०० | |
| २१ | माथि वाहेकका अन्य सिफारिसमा | ५००।०० | |

## अनुसूची १३

## पर्यटन प्रवेश शुल्क

| क्र.सं. | करको आधार | दर | कैफियत |
|---|---|---|---|
| १ | पर्यटन व्यवस्थापन समिति ( पर्यटक आगमन संख्या १०,००० बढी हुने लाई) | ५००० | वार्षिक |
| २ | पर्यटन व्यवस्थापन समिति ( पर्यटक आगमन संख्या १०,००० भन्दा कम लाई) | १५०० | वार्षिक |
| ३ | गाउँपालिका भित्रका सामुदायिक होम स्टे संचालन समिति | १००० | वार्षिक |

## अनुसूची १४

## दहत्तर बहत्तर

स्थानीय तहमा उपलब्ध ढुंगा, गिट्टी, बालुवा र अन्य नदिजन्य बस्तुहरु बातावरणीय प्रभाव मुल्यांकन गरि उत्खनन गरि प्रदेश सरकारको नियमानुसार तोकेको दरमा निकासी गर्ने ।